


# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड समाचार

देशको आर्थिक सामाजिक विकासमा ६१ वर्षदेखि समर्पित – राष्ट्रिय वाणिज्य बैंक लि.

वर्ष ३३ अंक ०९ | वैशाख २०८३ | Year 33 Vol 09 | April / May 2026

## राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नेपाल क्लियरिङ हाउस लिमिटेडबीच NPS–NCS अन्तर्गत नेपाल पे कार्ड सम्बन्धि सम्झौता सम्पन्न



**काठमाडौं, वैशाख ११**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नेपाल क्लियरिङ हाउस लिमिटेडबीच NPS–NCS अन्तर्गत नेपाल पे कार्ड सम्बन्धि सम्झौता सम्पन्न भएको छ। राष्ट्रिय वाणिज्य बैंकको केन्द्रिय कार्यालयमा बिहिबार एक कार्यक्रम आयोजना गरी सम्झौता-पत्र आदानप्रदान गरियो। उक्त सम्झौता-पत्रमा बैंकका तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्री देवेन्द्र रमण खनाल र नेपाल क्लियरिङ हाउस लिमिटेडका तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्री निलेश मान सिंह प्रधानले हस्ताक्षर गर्नु भएको छ।

सम्झौतापश्चात् राष्ट्रिय वाणिज्य बैंक लिमिटेड नेपाल क्लियरिङ हाउस लिमिटेडमार्फत उपलब्ध हुने NPS–National Card Switch (NPS–NCS) र Domestic Card Scheme (NEPALPAY Card) को प्रमुख सदस्य भएको छ। यस मार्फत राष्ट्रिय वाणिज्य बैंकका ग्राहकले निकट भविष्यमा नेपाल पे कार्ड सम्बन्धि सेवाहरू उपभोग गर्न पाउनेछन् ।

सम्झौता-पत्र आदानप्रदान कार्यक्रममा नेपाल क्लियरिङ हाउस लिमिटेडका तर्फबाट प्रमुख सञ्चालन अधिकृत मुन्नी राजभण्डारी, कार्ड बिजनेस प्रमुख पबिन्द्र राजभण्डारी र कार्ड अप्रेशन प्रमुख प्रविन आचार्यको उपस्थिति रहेको थियो भने राष्ट्रिय वाणिज्य बैंकका तर्फबाट नायब प्रमुख कार्यकारी अधिकृत सरस्वती अधिकारी, उप-कार्यकारी अधिकृत पवन रेग्मी, डिजिटल बैंकिङ्ग विभागका विभागीय प्रमुख गगन सिंह घिमिरे, विभागीय उपप्रमुख हेमन्त जिसी, प्रबन्धक राजेश कुमार मोक्तान, उपप्रबन्धक समिरा आचार्य लगायतका कर्मचारीहरूको उपस्थिति रहेको थियो। ■

## कर्जा असुली सम्बन्धी कार्यशाला गोष्ठी सम्पन्न



**काठमाडौं, वैशाख २१**

राष्ट्रिय वाणिज्य बैंकद्वारा वैशाख १८ र १९ गते भक्तपुरको नगरकोटमा कर्जा असुली सम्बन्धी कार्यशाला गोष्ठी आयोजना गरियो। बैंकको सिकाई तथा विकास विभागले उक्त कार्यक्रमको संयोजन गरेको थियो। ऋण असुली न्यायधिकरणका प्रतिनिधिहरू सम्मिलित उक्त कार्यक्रममा बैंकका कानुन विभाग र कर्जा अनुगमन तथा असुली विभागमा कार्यरत कर्मचारीहरू सहित कुल ५२ जनाको सहभागीता रहेको थियो। कार्यक्रममा ऋण असुलीका विविध आयामबारे अन्तर्क्रिया गरिएको थियो। ■



# प्रमुख कार्यकारी अधिकृतको सन्देश



**देवेन्द्र रमण खनाल**
प्रमुख कार्यकारी अधिकृत

सम्पूर्ण कर्मचारी मित्र, ग्राहक वर्ग एवं सरोकारवालाहरूमा हार्दिक नमस्कार !

आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम संसदमा प्रस्तुत गरे पश्चात् सरकार अहिले बजेट निर्माणको तयारीमा जुटेको छ। युवा प्रधानमन्त्रीको नेतृत्वमा गठन भएको सरकारसँग आम जनताका धेरै अपेक्षाहरू रहेका छन्। लामो समय पश्चात् मुलुकमा राजनीतिक स्थिरताको वातावरण देखिएको हुँदा यसले बैंकलाई आफ्नो व्यवसाय विस्तार गर्न तथा खराब कर्जाको व्यवस्थापन गर्न उपयुक्त अवसर प्रदान गरेको छ। यस अवसरमा बैंकले आफूसँग रहेको अपार स्रोत एवं साधनलाई परिचालन गरी देशको आर्थिक तथा सामाजिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्दछ।

कर्मचारी मित्रहरू, हालै सरकारले अगाडि सारेका शासकीय सुधारका कार्यहरूमा केन्द्रित हुँदै सेवा प्रवाहलाई चुस्त बनाउन विद्यमान दोहोरोपन एवं प्रकृयागत जटिलता कम गरी रचनात्मक रुपमा कार्य गर्नु हामी सबैको प्रमुख दायित्व हुन आउँछ। नेपाल सरकारले Digital Governance लाई प्राथमिकतामा राखेका सन्दर्भमा हाम्रो बैंक मार्फत हुने Digital कारोबारसँग सम्बन्धित सेवाहरूलाई थप गुणस्तरीय बनाउन Reporting System लाई चुस्त बनाई प्रणालीमा आएका समस्याहरूलाई यथाशिघ्र सम्बोधन गर्नु पर्दछ। सम्पूर्ण कर्मचारी साथीहरूले बैंकसँग सम्बन्धित नीति, नियम, निर्देशन एवं कार्यविधिहरूको गहन रुपमा अध्ययन एवं परिपालना गरी संस्थागत सुशासनलाई मजबुत बनाउन भूमिका खेल्दै ग्राहकहरूले गुनासो गर्ने ठाउँ नराखी शून्य गुनासोको वातावरण निर्माण गर्नु आवश्यक छ। साथै नेपाल सरकारको शून्य बाँकी फाइल (Zero Pending File) नीति कार्यान्वयन गर्न सेवाग्राहीको काम हुने वा नहुने समयमा नै टुङ्गो लगाई उनीहरूलाई सुचित गर्नुपर्दछ। बैंकले जारी गरेका परिपत्रहरूको अक्षरशः पालन गर्नुका साथै Chain of Command मा रही उत्कृष्ट कार्य सम्पादन गर्दा बैंकको प्रतिष्ठामा वृद्धि हुन जान्छ भने अनुशासनभित्र नरहँदा बैंकले क्षति व्यहोर्नुका साथ साथै सम्बन्धित कर्मचारी समेत कारवाहीको भागिदार हुनुपर्दछ। तसर्थ सम्पूर्ण कर्मचारी साथीहरूले इमानदारिता एवं लगनशीलताका साथ कार्य सम्पादन गर्ने कुरामा गम्भीर हुनु आवश्यक छ।

अन्त्यमा, नेपाल सरकारद्वारा घोषित नीति तथा कार्यक्रमको सफल कार्यान्वयनका लागि आ-आफ्नो ठाउँबाट रचनात्मक भूमिका खेल्न सम्पूर्ण कर्मचारी, ग्राहक वर्ग एवं सरोकारवालाहरूलाई अनुरोध गर्दछौं। ■

# राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको आ.व. २०८२/८३ को तेस्रो त्रैमासको अपरिष्कृत वित्तीय विवरण सार्वजनिक

● खुद मुनाफा २ अर्ब ७६ करोड ● निक्षेप ६ खर्ब ०१ अर्ब ● कर्जा ३ खर्ब ३९ अर्ब

**काठमाडौं, वैशाख २१**

नेपाल सरकारको स्वामित्व रहेको राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको आ.व. २०८२/८३ को तेश्रो त्रैमाससम्मको अपरिष्कृत वित्तीय विवरणहरू प्रकाशित भएको छ। बैंकले यस अवधिमा २ अर्ब ७६ करोड रुपैंया खुद मुनाफा आर्जन गर्न सफल भएको छ। गत आ.व. को सोही अवधिमा बैंकको खुद मुनाफा १ अर्ब २० करोड ४३ लाख रुपैंया रहेको थियो। यसरी खुद मुनाफा गत आ.व.को सोही अवधिको तुलनामा १२९.३४ प्रतिशतले वृद्धि भएको हो। यस किसिमको वृद्धि देखिनुमा बैंकको खुद ब्याज आम्दानीमा वृद्धि हुनु प्रमुख कारण हो।

आ.व. २०८२/८३ को तेश्रो त्रैमासमा बैंकको खुद ब्याज आम्दानी ८ अर्ब ७० करोड रुपैंया, कुल सञ्चालन आम्दानी १० अर्ब ६२ करोड रुपैंया, खुद सञ्चालन नाफा (कर अघिको) ३ अर्ब ९५ करोड रुपैंया, वितरणयोग्य मुनाफा (Distributable Profit) ३१ करोड ६२ लाख रुपैंया रहेको छ, कुल समग्र आम्दानी (Total Comprehensive Income) २ अर्ब ८६ करोड रुपैंया रहेको छ। २०८२ चैत मसान्तमा बैंकको कुल निक्षेप ६ खर्ब १अर्ब रुपैंया र खुद कर्जा तथा सापट ३ खर्ब ३२ अर्ब रुपैंया पुगेको छ। अघिल्लो वर्षको सोही मितिको तुलनामा बैंकको निक्षेपमा २ ९.७२ प्रतिशत र कर्जा तथा सापटमा १३.८८ प्रतिशतले वृद्धि भएको छ।

२०८२ चैत मसान्तसम्ममा पुँजी कोष अनुपात (Capital Adequacy Ratio) ११.६० प्रतिशत कर्जा -निक्षेप अनुपात (CD Ratio) ५७.२४ प्रतिशत र आधार दर (त्रैमास औसत) ४.२५ प्रतिशत भएपनि चैतको ४.२१ प्रतिशत रहेको छ। त्यसैगरी निष्क्रिय कर्जा अनुपात (NPA) ४.४८ प्रतिशत, व्याजदर अन्तर (Spread Rate) ३.४४ प्रतिशत, कोषको लागत दर (Cost of Fund) २.९७ प्रतिशत तथा प्रतिशेयर आम्दानी (Earnings Per Share annualized) रु. २३.५५ रहेको छ। आ.व.२०८२/८३को तेश्रो त्रैमाससम्मको समिक्षा अवधिमा बैंकले सन्तोषजनक प्रगति हासिल गर्न सफल भएको छ। ■



# प्राथमिकताका साथ कृषिमा लगानी बढाउँदै राष्ट्रिय वाणिज्य बैंक




**काठमाडौं, वैशाख १६**

सरकारी स्वामित्वको राष्ट्रिय वाणिज्य बैंकले उत्पादनशील क्षेत्रमा गरिने लगानीलाई प्राथमिकतामा राख्दै आएको छ। विशेष गरी कृषि क्षेत्रमा गरिने कर्जा लगानीलाई प्राथमिकतामा राख्दै बैंकले २०८२ चैत मसान्तसम्म ३९ अर्ब ५३ करोड २० लाख रुपैयाँ कृषि कर्जा प्रवाह गरेको छ। बैंकको आधार दरमा न्यूनतम प्रिमियम कायम गरी सस्तो ब्याजदरमा कृषि कर्जा प्रवाह गरिरहेको बैंकले कृषक तथा कृषि उद्धमीलाई आकर्षित गर्न कृषिसंग सम्बन्धित कर्जामा प्रशोधन शुल्कमा समेत सुविधा प्रदान गर्दै आईरहेको छ।

कुखुरापालन, बाख्रापालन, गाईपालन, भैंसीपालन, माछापालन लगायतका कृषि परियोजनामा लगानी गर्दै आइरहेको बैंकले पछिल्लो समयमा विभिन्न प्रदेशमा विभिन्न कृषी उत्पादनलाई जोड दिदै ४.७५ प्रतिशत ब्याजदरमा पाँच करोडसम्मको 'प्रदेश विशेष कृषि कर्जा' प्रदान गर्ने गरेको छ। त्यसैगरी स्थानीय साना कृषकलाई लक्षित गरी कुनैपनि प्रशोधन शुल्क नलिई बैंकले ४.७५ प्रतिशत ब्याजदरमा १० लाखसम्म 'साना किसान सरल कर्जा' उपलब्ध गराईरहेको छ। साथै बैंकले किसानहरूका लागि 'किसान क्रेडिट कार्ड'को सुविधा पनि उपलब्ध गराईरहेको छ।

कृषि कर्जाको सेवा प्रवाहलाई थप व्यवस्थित बनाउन बैंकले छुट्टै कृषि कर्जा नीति जारी गरी कृषि कर्जा कार्यविधि समेत लागू गरेको छ। त्यसैगरी कृषिमा गरिने लगानीलाई प्रभावकारी बनाउन बैंकको केन्द्रिय कार्यालयमा छुट्टै कृषि तथा सामाजिक बैंकिङ विभाग स्थापना गरिएको छ। यस क्षेत्रमा दक्ष कृषि विज्ञलाई कर्मचारीको रुपमा भित्र्याई बैंकले विभाग, प्रादेशिक कार्यालयहरू र शाखा कार्यालयहरूमा खटाउँदै आएको छ। बैंकले ७७ वटै जिल्लाहरूमा रहेका आफ्ना सबै ३१४ वटै शाखाहरू मार्फत कृषि कर्जा उपलब्ध गराउँदै कृषि कर्जामा ग्रामिण कृषकहरूको पहुँच सुनिश्चित गरेको छ। साथै बैंकले समय समयमा ग्राहकहरूलाई वित्तीय सचेतनाका कार्यक्रम मार्फत कृषि कर्जाको बारेमा जानकारी समेत गराउने गरेको छ।

परम्परागत रूपमा निर्वाहमुखी कृषि पेशामा आबद्ध ग्रामिण किसानहरूलाई लक्षित गर्दै यस बैंकले सरकारी नीति तथा प्राथमिकतालाई आत्मसाथ गरी कृषि कर्जा मार्फत पूँजी परिचालन गर्ने र कृषिको यान्त्रिकीकरण तथा व्यवसायीकरणमा सहयोग पुऱ्याउँदै आइरहेको छ। यसले कृषीको आधुनिकीकरण, उत्पादन तथा उत्पादकत्व वृद्धि, प्रत्येक्ष तथा अप्रत्येक्ष रोजगारी सिर्जना, स्वरोजगार तथा आय आर्जनमा वृद्धि, ग्रामीण अर्थतन्त्रको विकास, मूल्य शृंखलामा वृद्धि जस्ता अर्थतन्त्रका विविध पाटामा सकारात्मक प्रभाव पारेको छ। ■

## वित्तीय सचेतनामूलक सामग्री

# कालोसूची सम्बन्धी जानकारी

नेपालको बैंकिङ्ग प्रणालीमा "कालोसूची" भन्नाले वित्तीय अनुशासन उल्लङ्घन गर्ने व्यक्ति वा फर्मलाई जोखिमयुक्त ग्राहकको रूपमा सूचीकृत गर्ने प्रक्रियाको रुपमा बुझिन्छ। वित्तीय प्रणालीमा अनुशासन कायम गरी प्रणालीलाई सुरक्षित राख्न र प्रणालीप्रति विश्वशनीयता अभिवृद्धि गर्न केन्द्रिय बैंकले कालोसूची सम्बन्धी व्यवस्था गरेको छ। नेपाल राष्ट्र बैंकको ई. प्रा. निर्देशन नं १२/०८२ अनुसार बैंक तथा वित्तीय संस्थाहरूले ग्राहकलाई कालोसूचीमा सूचीकरण गर्ने अवस्था एवं प्रकृयाका बारेमा उल्लेख गरिएको छ।

**कालोसूचीमा समावेश हुने अवस्थाहरू:**

- कर्जाको साँवा वा साँवाको कुनै किस्ता वा ब्याजको भुक्तानी मिति एक वर्ष नाघेमा
- कर्जा तथा सुविधाको दुरुपयोग गरेको प्रमाणित भएमा
- सुरक्षणमा राखेको सामान / सम्पत्ति दुरुपयोग गरेको प्रमाणित भएमा,
- ऋणी बेपत्ता भएमा वा ९० दिनसम्म सम्पर्कमा नआएमा
- प्रचलित कानुन बमोजिम ऋणी टाट पल्टेमा
- बैंक तथा वित्तीय संस्थाले ऋणी विरुद्ध अदालतमा मुद्दा दायर गरेको अवस्थामा
- ऋण असुली न्यायाधिकरणमा उजुरी दिएको अवस्थामा
- गैरकोषमा आधारित सुविधा वा क्रेडिट कार्डबाट सिर्जना भएको कर्जा (Forced Loan) को हकमा कर्जा शीर्षकमा लेखांकन भएको ९० दिन नाघेमा
- नक्कली चेक, ड्राप्ट, विदेशी मुद्रा, क्रेडिट/डेबिट कार्ड, बिल्स आदि कागजात तथा उपकरण प्रयोग गरी रकम ठगी गरेमा
- कुनै व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्था वित्तीय कारोबार सम्बन्धी अपराधमा संलग्न भएको प्रमाणित भएमा
- खातामा रकम मौज्दात नभएको वा मौज्दात भए पनि पर्याप्त नभएको अवस्थामा चेक अनादर प्रमाणित भएमा
- खातामा पर्याप्त मौज्दात भएतापनि चेक धारकले चेकमा उल्लिखित विवरण सही भएको यकिन गर्न सक्ने अवस्थामा बाहेक अन्य जुनसुकै अवस्थामा चेक फिर्ता भएमा

**कालोसूचीमा परेपछि ग्राहकलाई पर्ने असर:**

- नयाँ बैंक खाता खोल्न वा सञ्चालन गर्न कठिनाइ हुने
- नयाँ कर्जा वा ओभरड्राफ्ट सुविधा प्राप्त गर्न नसक्ने
- क्रेडिट कार्ड, बैंक ग्यारेन्टी तथा एल.सी. (Letter of Credit) जस्ता सुविधा नपाइने
- सार्वजनिक खरिद एवं सरकारी तथा निजी ठेक्का/टेन्डर प्रक्रियामा सहभागी हुन नपाइने
- वैदेशिक भ्रमण तथा रोजगारीमा जान कठिनाइ हुने
- निर्वाचनमा उम्मेदवार हुन नपाइने
- कतिपय सरकारी सेवा तथा सुविधाबाट बन्चित हुनुपर्ने
- अन्य बैंक तथा वित्तीय संस्थाबाट सेवा प्राप्त गर्न झन्झटिलो हुने
- व्यापारिक प्रतिष्ठा र विश्वसनीयतामा नकारात्मक असर पर्ने

कालोसूचीमा पर्नु केवल बैंकिङ्ग समस्या मात्र नभई यो त व्यावसायिक छवि तथा सामाजिक प्रतिष्ठामा समेत असर पार्ने विषय हो। तसर्थ बैंक तथा वित्तीय संस्थाबाट लिएको कर्जा समयमै चुक्ता गर्ने, आफ्ना लेनदेन कारोबारहरू समयबद्ध गर्ने, बैंक तथा वित्तीय संस्थालाई सही सूचना तथा जानकारी दिने र वित्तीय अनुशासन पालना गर्ने विषयमा हामी सदैव चनाखो हुनुपर्छ। ■


# सरकारी कारोबार सम्बन्धी तालिम सम्पन्न



**काठमाडौं, वैशाख ८ गते**

राष्ट्रिय वाणिज्य बैंकद्वारा कर्मचारीहरूलाई सरकारी कारोबार सम्बन्धी तालिम प्रदान गरिएको छ। बैंकको सिकाई तथा विकास विभागद्वारा वैशाख ६ र ७ गते चितवनमा उक्त तालिम आयोजना गरिएको थियो। तालिममा बैंकका मधेश, बागमती, गण्डकी र लुम्बिनी प्रादेशिक कार्यालय अन्तर्गतका शाखा कार्यालयहरूमा कार्यरत ७४ जना कर्मचारीहरूको सहभागीता रहेको थियो।

दुई दिने उक्त तालिममा सरकारी कारोबार गर्ने नीतिगत व्यवस्था, सरकारी कारोबारको हिसाबमिलान र खाताबन्दी, सरकारी कारोबार प्रतिवेदन, सरकारी तथा अन्य विद्युतीय कारोबार हिसाब मिलान प्रकृया, राजश्व (V2) कारेबारको विधि र प्रकृया SUTRA Bank Interface को प्रयोग विधि, वित्त विभागको अन्य विषयबस्तु (कर, पेन्सन, स्टोर, FMIS) र Pension Mnagement System को बारेमा प्रशिक्षण दिइएको थियो। ■




# तह ४ को लिखित परीक्षा आगामी असारमा हुने

**काठमाडौं, वैशाख ३०**

लोक सेवा आयोगद्वारा सञ्चालन हुने राष्ट्रिय वाणिज्य बैंक तह ४ सहायक (प्रशासन तथा नगद)को परीक्षा आगामी असारमा हुने भएको छ। बुधबार आयोगद्वारा प्रकाशित सूचना अनुसार प्रथम पत्रको असार २३ गते र द्वितीय पत्रको असार २६ गते लिखित परीक्षा सञ्चालन हुनेछ। उक्त परीक्षामा लोक सेवा आयोगद्वारा यसअघि सञ्चालित संगठित संस्थाको तह ४ वा सो सरहको पूर्व योग्यता परीक्षा उत्तीर्ण गरी राष्ट्रिय वाणिज्य बैंकको तह ४ को रिक्त पदमा पदपूर्ति लागि खुलाइएको विज्ञापनमा आवेदन दिई योग्यता पुगेका परीक्षार्थीहरू सामेल हुनेछन्। यसपटक सरकारी स्वामित्वका वाणिज्य बैंकहरूका लागि लिखित तर्फको प्रथम पत्रको परीक्षा संयुक्त रूपमा र द्वितीय पत्रको परीक्षा बैंक अनुसार छुट्टाछुट्टै सञ्चालन हुँदैछ। ■

# ग्राहक सेवा कक्ष (CSD) सम्बन्धी तालिम सम्पन्न



**काठमाडौं, वैशाख ८**

राष्ट्रिय वाणिज्य बैंकद्वारा कर्मचारीहरूलाई ग्राहक सेवा कक्ष (CSD) सम्बन्धी तालिम प्रदान गरिएको छ। उक्त तालिम बैंकको सिकाई तथा विकास विभागद्वारा वैशाख ६ र ७ गते इटहरीमा आयोजना गरिएको थियो। तालिममा बैंकका कोशी प्रादेशिक कार्यालय र मधेश प्रादेशिक कार्यालय अन्तर्गतका शाखा कार्यालयहरूमा कार्यरत ६३ जना कर्मचारीहरूको सहभागीता रहेको थियो। ■

## हार्दिक समवेदना

यस बैंकका बागमती प्रादेशिक कार्यालयमा कार्यरत उपप्रबन्धक जुनेश आचार्य (१२२३७) का बुवा डगेन्द्र प्रसाद आचार्य, शाखा कार्यालय बिराटनगरमा कार्यरत सहायक प्रबन्धक प्रियंका शाह (१२२६३) की सासु सुभद्रा देवी हलुवाई, शाखा कार्यालय बझाङमा कार्यरत वरिष्ठ सहायक (नगद) शिव प्रसाद चौधरी (१४०८५) का बुवा रामदिन चौधरी, शाखा कार्यालय रत्नगरमा कार्यरत वरिष्ठ सहायक विक्रम कँडेल (१३४५४) का बुबा शेषकान्त कँडेल, शाखा कार्यालय ललितपुरमा कार्यरत वरिष्ठ सहायक संगिता यादव (१२३११) का ससुरा मुक्तिलाल यादव, कम्प्लायन्स विभागमा कार्यरत सहायक रमेश कुमार श्रेष्ठ (१२८४५) का बुवा कृष्ण लाल श्रेष्ठ, शाखा कार्यालय धरानमा कार्यरत सहायक गोमा कटुवाल (११७१५) का ससुरा पुरुषोत्तम विष्ट, शाखा कार्यालय इटहरीमा कार्यरत सहायक ओममाया काफ्ले (१२११३) का बुबा लेखनाथ काफ्ले, शाखा कार्यालय मंगलसेनमा कार्यरत सहायक मान बहादुर चौधरी (१३९३३) का बुवा विहारीलाल चौधरी र शाखा कार्यालय कलैयामा कार्यरत गार्ड कमाण्डर राजेश्वर प्रसाद जैसवाल (११३२१) की आमा गंगापति देवी कलवारिनको केहि समय पहिले निधन भएकोमा दिवंगत आत्माहरूको चिर शान्तीको कामना सहित हार्दिक समवेदना प्रकट गर्दछौं।

राष्ट्रिय वाणिज्य बैंक
RASTRIYA BANIJYA BANK
...तपाईंको आफ्नै बैंक

**राष्ट्रिय वाणिज्य बैंक लि. परिवार**


प्रकाशक
**राष्ट्रिय वाणिज्य बैंक लिमिटेड**
प्रमुख कार्यकारी अधिकृतको कार्यालय
सिंहदरबारप्लाजा, काठमाडौं, फो नः ०१-५७२१२२०, Ext. २४२३
इमेल : rbbnl@rbb.com.np
वेबसाइटः www.rbb.com.np

प्रमुख सल्लाहकार
**देवेन्द्र रमण खनाल**
प्रमुख कार्यकारी अधिकृत

सह-सम्पादक
**रुद्रप्रसाद अधिकारी**

सल्लाहकार
**पवन रेग्मी**
उप-कार्यकारी अधिकृत तथा सूचना अधिकारी

डिजाइन
**यदु उपाध्याय**